## ३. प्रतिवादीहरुको मौकाको वयानः-

## ३.१. प्रतिवादी छबिलाल जोशीले मौकाको वयानः-

२०७७ सालमा नेचर हर्बस इन्टरनेशनल प्रा.लि.मा १०% शेयर लिई डाइरेक्टर रहेको, सोही कम्पनीको प्रतिनिधित्व गरी म नेपाल डाइरेट सेलिङ एसोसोयनमा अध्यक्ष भएँ। नेपाल डाइरेट सेलिङ एसोसोयनमा अध्यक्ष भएको १ महिना नवित्दै मैले नेचर हर्वसको शेयर गितेन्द्र बाबु राई मार्फत निजले ल्याएका राम बहादुर खनाललाई  हस्तान्तरण गरें । तत् पश्चात म र गितेन्द्र बाबु राईको ५० / ५० % शेयर लगानी देखाई गोर्खा मिडिया नेटवर्क प्रा.लि. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराई संचालन गर्ने क्रममा म उक्त कम्पनीको शेयरहोल्डर र संचालक सदस्यको रुपमा करिव १ वर्ष बसेपछि सो प्रा.लि. बाट समेत अलग भएको। गितेन्द्र बाबु राईले कुनै मिडिया संचालन गर्ने कुरा निकाल्ने

क्रममा मिडिया संचालन गर्न सक्ने उपयुक्त पात्र को हुन सक्छ भन्ने विषयमा गितेन्द्र बाबु राईले केही मिडियाकर्मीहरूसँग छलफल परामर्श गर्दा News 24 टेलिभिजनमा सिधा कुरा जनतासँग कार्यक्रम संचालन गर्ने रवि लामिछानेको नाम आएपछि निज रवि लामिछानेलाई प्रस्ताव गर्दा निजले पनि गितेन्द्र बाबु राईसँग मिलेर मिडिया संचालन गर्नको लागि सहमत जनाएपछि रवि लामिछाने तत्कालिन समयमा कालिकोटको रासकोटमा निर्माण हुँदै गरेको अस्पतालको काममा व्यस्त रहेको कारण म र गितेन्द्र बाबु राई दुई जनाको नाउँमा ५०/५०% शेयर कवुल गर्ने आधारमा प्रवन्धपत्र नियमावाली समेत तयार गरी कुल रु. ५ करोड रुपैयाँको चुक्ता पुँजी राखी गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेड कम्पनी रजिष्ट्रारको कार्यालयबाट दर्ता गरिएको हो । रवि लामिछाने कम्पनीमा प्रवेश गरेपछि कम्पनीको नाउँमा खाता खोल्ने कुरा भए बमोजिम ग्लोवल आईएमई बैक लिमिटेड ज्ञानेश्वर शाखा काठमाण्डौंमा गितेन्द्र बाबु राई, रवि लामिछाने र म छविलाल जोशी उपस्थित भई कम्पनीको नाउँमा खाता संचालनको लागि आबश्यक कागजातहरू पेश गरी KYC समेत भरेर हामी तिन जना मध्ये कुनै एकको हस्ताक्षरबाट खाता संचालन हुने गरी ००४०१०१०००५७७ नम्बरको खाता खोलिएको थियो । कम्पनीको चुक्ता शेयर पुँजी रु. ५ करोड हो । ग्लोवल आईएमई बैकबाट प्राप्त गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडको नाउँमा संचालन रहेको 00401010000577 नम्बरको रबि लामिछाने संचालक हुनु भन्दा पहिले नै खाता २०७७।०७।०६ (2020-10-22) गते खोलिएको रहेछ, गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडको 00401010000577 नम्बरको खातामा हाल सम्म प्राप्त विवरण अनुसार क्रेडिट कारोवार **रु. ९०,४४,१७,५५२.४० (नव्वे करोड चौवालिस लाख सत्र हजार पाँच सय बाउन्न रुपैयाँ चालिस पैसा)** भएको सम्पूर्ण जानकारी गितेन्द्र बाबु राई र रवि लामिछानेलाई थाहा होला । गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेड अन्तर्गत Galaxy 4k TV कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राई र छविलाल जोशी दुई जनाको ५०/५०% ले हुने २,५०,०००/२,५०,००० कित्ता शेयर लगानी गरी र जगेडा रहेको ७,००,००० कित्ता मध्येबाट १५% शेयर रवि लामिछानेले लिएका, करिव १ वर्ष पछि उक्त कम्पनीबाट कानून सम्बत तवरबाट प्रकृया पुरा गरेर मेरो भागको कम्पनी स्थापना गर्दा कायम भएको ५०% शेयर, कम्पनीको शेयर पुजी बढाएर रु. ५ करोडबाट रु. १२ करोड पुऱ्याएपछि तत्काल कायम हुन आएको ३५% शेयर कम्पनी रजिष्ट्रारको कार्यालयमा उपस्थित भएर कम्पनीको लेखा परिक्षक सहित लेखा परीक्षण प्रतिवेदन पेश गराई कानून सम्बत रुपमा सम्पूर्ण दायित्व र जिम्मेवारीबाट अलग हुने गरी अन्य व्यक्ति नभई कम्पनीको संस्थापक शेयरहोल्डर एबं कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईलाई नै सुम्पिई उक्त कम्पनीबाट बाहिरिएको, गोर्खा मिडिया नेटवर्क प्रा.लि.मा मिति २०७७।१२।०३ देखि मिति २०७८।१०।०६ गते सम्म **गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेड**को नाउँमा रु.२,३०,२९,२९८.८१, विपिन कुमार आचार्य, शेर बहादुर ठकुल्ला र नेचर हर्व प्रा.लि.को नाउँमा कर्जा देखाई लगेको रु. ४,८८,०९,२७१.७६ र सुरेश प्रसाद श्रेष्ठ, यम बहादुर के.सी., मोहोमद हसिम मिया, प्रकाश पौडेल, नारायण श्रेष्ठ, आशिष विजुक्छेको नाउँमा कर्जा देखाई लगेको रु. ७०,००,०००।- गरी जम्मा **रु. ५,५८,०९,२७१.७६ गएको सम्वन्धमा** गितेन्द्र बाबु राई र रवि लामिछाने समेतले टि.भि. खोल्ने प्रस्ताव ल्याउनु भएकोले म र गितेन्द्र बाबु राईको ५०/५०% शेयर कायम हुने गरी रु.५ करोडको पुंजी देखाई मिति २०७७।०५।१० गते गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडको प्रवन्धपत्र नियमावाली तयार गरी सम्पूर्ण कागजपत्र कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन साथ पेश गरेर गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेड मिति २०७७।०५।१४ गते दर्ता भएको हो । कम्पनीको कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राई, संस्थापक संचालक म छविलाल जोशी र १५% शेयर लिई जोडिएरका रवि लामिछानेले मिडिया नेटवर्क प्राईभेट लिमिटेड संचालन गर्ने क्रममा कम्पनीलाई आबश्यक पर्ने सम्पूर्ण रकमको व्यवस्था र कम्पनीको IT लगायत आर्थिक कारोवारमा कुनै पनि हस्तक्षेप, तर्क वितर्क, प्रश्न उत्तर कसैले नगर्न नपाउने सम्मको अधिकार लिएर गितेन्द्र बाबु राईले एकलौटी रुपमा टि.भि. संचालन गर्न लागि परेको थिए । कम्पनीको लागि ऋण लिने प्रयोजनको लागि शेयर

पुँजी रु. ५ करोडको कागजातहरू देखाई नेपाल बैक लिमिटेड मा पुग्दा कम्पनीले माग गरेको रु.२५ करोड रुपैयाँ बैकले ऋण दिनको लागि शेयर पुजी बृद्धी गर्नु पर्ने अन्यथा ऋण दिन नमिल्ने भनि बैकको कर्मचारीले जानकारी गराएपछि कम्तिमा १२ करोड पुंजी पुऱ्याउनु पर्ने सो वापत घर जग्गा धितो राख्नु पर्ने कुरा भएको अबस्थामा गितेन्द्र बाबु राईले हाल नेचर हर्वस इन्टरनेशनल प्रा.लि. संचालनमा रहेको मेरो पत्नीको नाउँमा भएको शंखमुलको धितो घर राख्ने कुरा गर्नु भएको कारण मैले असमती जनाएपछि हामी बिच केही तित्तता रहन पुगेको हो, भुगोलपार्क स्थित नेपाल बैक लिमिटेडमा म, रवि लामिछाने र कम्पनीको CA विशेष विभु आचार्य आवश्यक कागजात सहित ऋणको लागि पुगी ऋण प्रकृया अगाडी बढाउने क्रममा बैकका प्रवन्धक समेतले कम्पनीको कार्यकारी अध्यक्ष आउनु पर्छ भनेपछि रवि लामिछानेले सो कुरा फोन मार्फत गितेन्द्र बाबु राईलाई जानकारी गराई बोलाउँदा निज गितेन्द्र बाबु राईले त्यती रकमको लागि म बैकमा आउनु पर्ने भई दस्तखत गर्नु पर्ने भए ऋण ल्याउनु पर्दैन भनेको, पैसाको व्यवस्था म गर्छु तपाईहरू फर्किनुहोस् भनेपछि हामीहरू ऋण प्रकृया रोकी फर्किएका हौ । त्यसपछि निज गितेन्द्र बाबु राईले के कहाँबाट, कुन कुन तवरले रकम कम्पनीमा ल्याई संचालन गरेका थिए मलाई थाहा भएन ,टि.भि. संचालनमा आएपछि आबश्यक रकम जुटाउने कार्य गितेन्द्र बाबु राईले गरेका र टि.भि. संचालनको लागि भवन निर्माण, डोकोरेशन, स्याटलाईट जडित अत्याधुनिक क्यामेरा लगायतको विभिन्न सामाग्री खरिद, कर्मचारी र पत्रकारहरूको छनौट, नियुक्ती, तलबको मापन लगायतको सम्पूर्ण कार्य गितेन्द्र बाबु राई र रवि लामिछानेबाट भएको । सुर्यदर्शन लगायत कुनै पनि सहकारी संस्थाहरूबाट गोर्खा मिडियाको लागि ऋण लिने भन्ने बिषयमा कोही कसैसँग छलफल, परामर्श केही भएको थिएन र हामीले यस प्रकारको गैर कानूनी तवरबाट रकम ल्याउनको लागि लिखित वा मौखिक रुपमा निर्णय गर्ने, माइन्युट गराउने जस्ता कार्य गरेका थिएनौ,बैकमा जम्मा भएको रकम खर्च गर्ने कार्य प्रायः रवि लामिछानेसँग सम्बन्धित हुन्थ्यो र निजकै हस्ताक्षरबाट चेक काटिने अबस्था थियो । गोर्खा मिडिया नेटवर्क प्रा.लि. को ग्लोवल आईएमई बैकमा रहेको खातामा सुर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट मिति २०७७।१२।०३ देखि मिति २०७८।१०।०६ गते सम्म जम्मा रु.**५,५८,०९,२७१.७६** आएको भन्ने कुरा मलाई प्रहरीले पक्राउ गरेर ल्याई मिसिल संलग्न वित्तिय विष्लेषण लगायतको कागजताहरू देखाउँदा मात्र थाहा पाएको ,गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडमा सुर्यदर्शन सहकारीबाट सहकारी ऐन, नियम र सहकारीको सिद्दान्त विपरित रकम गएको सम्वन्धममा सम्पूर्ण जिम्मेवार गितेन्द्र बाबु राई र रवि लामिछानेलाई थाहा छ, लेखा परिक्षक सिए. विशेष विवु आचार्यबाट प्राप्त विवरण अनुसार Management Representation letter बाट Unsecured Loans (Director Loans) आ.व. २०७७/०८८ मा रु.२२,७८,८०,३५६.६७ र आ.ब. २०७८।०७९ मा रु. ४३,३३,१२,८९८.२० रहेको सो रकम कम्पनीको कार्याकारी अध्यक्ष गितेन्द्र बाबु राईले गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडलाई ऋण भनी उल्लेख भएको सम्बन्धमा थाहा नभएको उल्लेख गरेको, सुर्यदर्शन सहकारीको मेघा बैकमा रहेको खाताको २०२७२२१०८५ नम्बरको चेकबाट गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडको नाउँमा मिति **२०७८।०२।०३** मा रु. **५० लाख**, २०२७२२१०९९ नम्बरको चेकबाट **मिति २०७८।०३।०९** गते गोरखा रु. **५० लाख** गएकोमा उक्त रकम गोर्खा मिडिया नेटवर्क प्रा.लि. को बचत खाता नं. ४९-०२००५ बाट लगानी भएको देखाइएकोमा सो रकम मिति **२०७८।०३।३१** मा पोखरा ८ सृजनाचोक ठेगाना उल्लेख भएका रवि लामिछानेको नाउँमा कर्जा नं. ११६-४४५६ मा रकामान्तर गरी कर्जा खडा गरेकोमा मिति **२०८०।०३।१३** मा सो रकमको व्याज, हर्दना सहित जोडेर **रु. १,३०,८९,०००.००** रवि लामिछानेको कर्जा खाताबाट रकमान्तर गरी कर्जा चुक्ता देखाई गोर्खा मिडियाको नाउँमा कर्जा देखाइएको सम्वन्धमा एकिन साथ भन्न सक्दिन भनी लेखाएको ।

गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडको बैकको खातामा रकम जुटाउने कार्य गितेन्द्र बाबु राईबाट र बैकमा मौज्दात रहेको रकम खर्च गर्ने कार्य **रवि लामिछानेले** गर्ने गरेको,गोर्खा मिडिया नेटवर्क प्रा.लि. मा मैले कुनै पनि रकम लगानी गरेको थिइन । गितेन्द्र बाबु राईले उक्त मिडिया खोल्ने क्रममा रु. ५ करोडको शेयर पुँजी देखाई मलाई शेयर साझेदार बनाएपछि कम्पनीको नाउँमा बैकबाट ऋण लिने प्रकृया गर्दा गर्दै शेयपुजी रु. १२ करोड पुऱ्याउने क्रममा हाम्रो मनमुटाव सृजना भएको थियो । सो कुरालाई मिति २०७७।०६।१८ गतेको संचालक समितिको बैठकमा मैले सहिछाप नगरेको अबस्थामा समेत गितेन्द्र बाबु राई समेतको मिलिमतोमा मेरो नाउँको सँगै मेरो दस्तखत किर्ते गरेबाट पनि पुष्टी हुन्छ भनी लेखाएको, गितेन्द्र बाबु राईको स्टायण्डर चार्टर बैक लि. को खाता नं. NPR 18-2903172-01 को चेक नम्बर 11928167 मा रु.१,७५,००,०००।– लेखि मिति २०७७।०७।१० गते मेरो नविल बैक लिमिटेडमा रहेको खातामा जम्मा गरी दिएपछि मैले सोही दिन मेरो नविल बैकमा रहेको खाताको चेक नम्बर 00322898430401 बाट गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडको नाउँमा उक्त रु. १,७५,००,०००।– काटेर निजै गितेन्द्र बाबु राई दिएको उल्लेख गरेको, मिति २०७८।०६।२२ गते उक्त कम्पनीबाट आधिकारीक रुपमा छोड्दै गर्दा पनि हाम्रो मौखिक सहमति अनुसार नै मैले गितेन्द्र बाबु राईलाई मेरो शेयर वापतको रकम रु. ४,२०,००,०००।– बैक मार्फत बुझिलिएको भन्ने कागजमा सहिछाप गरी दिएको हुँ । सोही रकम बराबरको हिसाव मिलान गर्ने क्रममा मेरो एभरेष्ट बैकको खाता नं.001005012277290 मा रु. ४ करोड २० लाखको हिमालयन बैकको 33134032 नम्बरको चेक  गितेन्द्र बाबु राईको तर्फबाट दिनेश वस्नेतले जम्मा गरेकोमा सो चेकमा उल्लेखित रकम खातामा नभएको कारण सोही दिनमा नै खातामा क्रेडिट र डेबिट (वाउन्स) गरी सो क्लियरिङ बापत मेरो बैक खाताबाट रु. १५ काटेको छ भनी उल्लेख गरेको, नेचर हर्वस इन्टरनेशनल प्राईभेट लिमिटेडले मेरो पत्नी पद्मा बन्जाडे जोशीको नाउँमा रहेको ४ तले बनी बनाउँ पक्की घर २०७६/०७७ मा समझदारी हुँदा सम्मको लागि भनि प्रत्येक २/२ वर्षमा रिन्यु हुने गरी कार्यालय संचालनको लागि पुनः निर्माण डेकोरेशन समय सम्मको लागि मासिक केही रकम र डेकोरेशन पुरा हुन लामो समय लागेमा वर्षको १ लाख, निर्माण पुरा भई सकेपछि मासिक रु. २ लाख रुपैयाँ लिने गरी भाडामा दिएको हो । उक्त घर कार्यालय संचालनको लागि डेकोरेशन र मर्मत गर्ने सबै कार्य नेचर हर्वस इन्टरनेशनल प्रा.लि.ले आसारा इन्टरनेशनल प्राईभेट लिमिटेड मार्फत गरेको हो । त्यसको सबै खर्च नेचर हर्वसले गर्ने भनि सम्झौता भएपनि आसारा इन्टरनेशनल प्राईभेट लिमिटेडले सबै रकम भुक्तानी पाएको, नेचर हर्वस इन्टरनेशनल प्राईभेट लिमिटेडले सुर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट नेचर हर्वसको नाउँमा मिति २०७७।०३।१५ मा रु. ५०,००,०००।-, मिति २०७७।११।२० मा रु.१,००,००,०००।–, मिति २०७८।०३।३१ गते जिवन नेपालीको नाउँको खातामा रु. ५०,००,०००।– जम्मा गरी सो रकम नेचर हर्वसको नाउँमा पेश्की देखाई एभरेष्ट बैकको खातामा जम्मा गरिएको तथा ज्ञान नारायण श्रेष्ठको बचत खातामा रु. ३१,५२,०००।– जम्मा गरी नेचर हर्वसको नाउँमा पेश्की देखाई जम्मा रु.२,५३,१३,१९५.४२ सहकारीको बचत रकम अपचलन गरेर लगेको सम्वन्धमा सुर्यदर्शन लगायतको कुनै पनि सहकारीबाट ऋण लिने भन्ने मेरो उपस्थितिमा निर्णय माइन्युट भएको थिएन र ऋण लिएको पनि थिएन भनी उल्लेख गरेको । जिल्ला काठमाण्डौं काठमाण्डौं महानगरपालिका वडा नं. १० शखमुलमा रहेको कि.नं. २७९ मा भएको घर नेचर हर्वस प्राईभेट लिमिटेडले पुनः निर्माण गरी सो वापत आस्रा इन्टरनेशनल प्रा.लि. लाई रु.३,४९,५१,४२८.८४ (तिन करोड उनानपचास लाख एकाउन्न हजार चार सय अठ्ठाईस रुपैयाँ चौरासी पैसा) भुक्तानी भएको सम्वन्धमा आसारा इन्टरनेशनल प्रा.लि. मार्फत काम भई निजले नेचर हर्वसले भुक्तानी दिएको भनी खुलाएको । (सोको बिल भरपाई र फोटोहरू समेत संकलन भएको देखिन्छ), गोर्खा मिडियाको संस्थापक शेयरधनी र संचालक तथा नेचर हर्वस इन्टरनेशनल प्राईभेट लिमिटेडको शेयरधनी र संचालकको हैसियतमा कार्यकारी अधिकारको प्रयोग नगरेको र दुवै कम्पनीबाट कुनै किसिमको लाभ प्रत्यक्ष वा

परोक्ष रुपमा नलिएको कारण ठगी जन्न कार्य वा कसूर मबाट नभएको, शेयर जारी र विक्री गरी हक छोड्दा कम्पनीको कानूनको प्रकियागत Non Compliance ले कसूरको स्थान लिन सक्दैन र त्यसको कोहीलाई नोक्सान र मलाई गैर कानूनी लाभ दिएको अबस्था नभएको हुनाले म **माथि मुद्दा चलाउनु मिल्दैन भनी बयान।**

यसरी यी प्रतिवादीले राम बहादुर खनाल प्रहरी कर्मचारी रहेको कारण निजसँग म प्रहरी सेवामा रहँदाको क्रममा चिनजान परिचय भएको हो । निजसँग अन्य कुनै नाता सम्बन्ध केही थिएन । अफिसियल कामको सिलसिलामा संगठनमा कार्यरत रहँदाको क्रममा काम गर्ने गराउने वाहेक अन्य कुनै पनि किसिमको आर्थिक कारोवार निजसँग मेरो थिएन, छैन, नेचर हर्व्स इन्टरनेशनल प्राईभेट लिमिटेडमा मेरो कुनै पनि लगानी नभएको, मलाई तत्काल उपलब्ध गराएको १०% शेयर वापतको रकम रु. १० लाख पनि गितेन्द्र बाबु राईको रहेको र मैले उक्त कम्पनी मिति २०७७।०३।२८ गते छोड्ने क्रममा पनि उहाँले नै राम बहादुर खनाललाई कम्पनीमा भित्र्याई राम बहादुर खनालबाट मैले शेयर विक्री गरे वापत भनि देखाउनको लागि राम बहादुर खनालको नेपाल ईन्भेष्टमेण्ट बैंकको खातामा रकम लिई मेरो नविल बैंकमा रहेको खाता नम्बर 171001705212 मा जम्मा गराई शेयर खरिद विक्रीको कारोवार मिलाएका हुन । उक्त रकम मेरो आफ्नो नभएको कारण मैले उक्त चेकमा लेखिए अनुसारको रकम गितेन्द्र बाबु राईले भने बमोजिम मिति २०७७।०३।३१ गते साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको नाउँमा चेक नम्बर 29094428 बाट काटेर निजलाई नै उपलब्ध गराई रकम जस्ताको तस्तै फिर्ता गरेको हुँ। राम बहादुर खनाललाई बैंक मार्फत उपलब्ध गराएको रकम सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको बचत रकम रहे भएको कुरा हाल मात्र थाहा पाएँ, म नेचर हर्व्स इन्टरनेशनल प्राईभेट लिमिटेडको शेयर सदस्य भएपछि सोही कम्पनीको प्रतिनिधित्व गरी नेपाल डाइरेट सेलिङ एसोशियसनको अध्यक्ष भएको थिए। सो समयमा बस्तुको प्रत्यक्ष विक्री प्रणाली ऐन बनेको तर नियमावली नबनेको कारण काम काजमा बाधा परेको अबस्थामा गितेन्द्र बाबु राईको अनुरोधमा बाणिज्य मन्त्रालय र विभागमा समन्वय गरी नियमावली बनाउने कार्यमा सहयोगी भुमीका खेलेको, नेचर हर्व्सको प्रतिनिधित्व गरी एसोशियसनको अध्यक्षमा रहेको र नेचर हर्व्सको म्यानेजिङ लगायतको काम गरे वापत मलाई उक्त कम्पनीले पारिश्रमिक स्वरुप मेरो एभरेष्ट बैंकको खातामा मासिक रुपमा रकम दिने गरेको, गितेन्द्र बाबु राई मार्फत नेचर हर्व्स इन्टरनेशनल प्राईभेट लिमिटेडको नाउँमा दर्ता कायम रहेको बा २३ च ३१३१ नम्बरको पजेरो स्पोर्ट गाडी छोरा रोचक जोशीको नाउँमा रु.९५,८५,६१४।– कम्पनीमा नगद अभाव भएकोले तलब, पारिश्रमिक र घर भाडा समेत Adjustment गरी आन्तरिक लेखा परीक्षक मिलाउन देखाएको र उक्त रकममा लाग्ने १३% भ्याट सहित जोडेर रु.१,०८,३१,७४३।– (एक करोड आठ लाख एकतिस हजार सात सय त्रिचालिस रुपैयाँ) मा मिति २०७९।१२।१७ गते खरिद गरेको हुँ भन्ने व्यहोराको प्रतिवादी छविलाल जोशीको वयान।

गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडको नाउँमा सिद्धार्थ बैंक लिमिटेडमा खोलिएको खाताको सञ्चालक र दस्तखत नमुनाकार्ड समेत देखाउँदा हेरी पाएँ। छविलाल जोशीको नाउँमा भरिएको KYC मा लेखिएको विवरण मेरो हो र दस्तखत नमुना कार्डको सुरु छविलाल जोशीको नाम मुनी भएको दस्तखत मेरो हो, सो खातामा जम्मा भएको रकम रु.२ करोड २० लाख गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेडमा लगानी उपलब्धता गराउने लगायतको सम्पूर्ण जिम्मा कम्पनीको कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राईले लिनु भएको हो, गोर्खा मिडिया स्थापना गरेर कम्पनी रजिष्ट्रारको कार्यालयबाट दर्ता गराएपछि भौतिक संरचना पुनः निर्माण, व्यवस्थापन र सञ्चालनमा ल्याउनको लागि म सहित कम्पनीको कार्यकारी अध्यक्ष गितेन्द्र बाबु राई र तत्कालिन व्यवस्थापक लक्ष्मी प्रसाद पौडेल मध्ये कुनै दुई जनाको हस्ताक्षरबाट खाता सञ्चालन हुने व्यवस्था मिलाइएको कारण उक्त काम कारवाहीको क्रममा कम्पनीमा भएका सम्झौता र सहमति तथा कम्पनीको वोर्ड बैठकबाट पारित भए बमोजिम र कम्पनीको कार्यकारी अध्यक्षको निर्देशन बमोजिम म

र लक्ष्मी प्रसाद पौडेलको हस्ताक्षरबाट बिभिन्न व्यक्तिहरू वा कम्पनीको नाउँमा चेक काटिएको रहेछ, कम्पनीले निकिता पौडेलले सञ्चालन गरेको गोपीकृष्ण मुभिज प्राईभेट लिमिटेडसँग टि.भि. फिल्मी लगायतको कार्यक्रम, सामाग्री र जनशक्ती समेत उपलब्ध गराए बापत दुई कम्पनी विच भएको सम्झौता बमोजिम सो रकम अध्यक्ष निकिता पौडेलको नाउँमा चेक मार्फत भुक्तानी दिइएको सम्बन्धमा गितेन्द्र बाबु राई, लक्ष्मी प्रसाद पौडेल र रवि लामिछानेलाई थाहा हुनु पर्छ, शिब बहादुर गुरुङको नाममा रहेको नबिल बैंक लिमिटेडको खाता नं. 611001500729 मा तपाईले रु. ५ लाख २५ हजार जम्मा गरेको रकम व्यक्तिगत लेनदेन कारोवार हो, कम्पनी ऐनको अधिनमा रहेर गोर्खा मिडिया र नेचर हर्व्स सञ्चालनमा आएको हो। सोही कारण सम्पूर्ण वार्षिक लेखा परीक्षण प्रतिवेदन लगायतको विवरण कम्पनी रजिष्ट्रारको कार्यालयले स्वीकार गरी नविकरण समेत गरेको अवस्था छ। कानून सम्मत तवरबाट गोर्खा मिडिया नेटवर्क प्राईभेट लिमिटेड र नेचर हर्व्स इन्टरनेशनल प्राईभेट लिमिटेड दर्ता आफ्नै प्रवन्धपत्र नियमावलीमा केन्द्रीत भएर सञ्चालन भएको हो, मेरो थाहा जानकारी वेगर पृष्ठभूमीमा झुक्याई छक्याई गरिएका कार्यहरू भएका रहेछन् भने त्यसमा मेरो संलग्नता हुने कुरा रहँदैन। यस्ता कार्यमा मेरो संलग्नता मात्र होईन जानकारी समेत नभएको कुरा स्थापित समेत भई सकेको विषय हो। म बाट गैर कानूनी कार्य नभएको र सहकारीको रकम अपचलन गरी वा कसूरबाट गोर्खा मिडियाबाट प्राप्त रकमलाई निसर्ग गर्ने, धारणा गर्ने वा प्रयोग गर्ने कार्य मबाट नभएको हुँदा यस सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा समेत म निर्दोश छ भनी **छविलाल जोशीको थप बयान।**